Jyotipunja
Saving & Credit Co-operative Ltd.

# 12TH ANNUAL REPORT 2078/079

समृद्धिका लागि सहयात्रा...

## १२औं वार्षिक प्रतिवेदन

## २०७८/०७९



# मोबाईल बैंकिङ सेवा (Mobile Banking Service)




## FEATURES

- Fund Transfer
- Load Wallet
- E-Teller
- Remittance
- TopUp Service
- Utilities
- QR Payment
- Fonepay

# ज्योतिपुञ्ज चिनारी गीत

भविष्यको भरोसा वर्तमानको आधार ।
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।

जम्मा गरे जम्मा हुन्छ खाँचो पर्दा टार्छ ।
उद्योग व्यावसाय गर्न यसले मद्दत गर्छ ।।

बुढेसकालको लौरी जस्तो एक्लोपनको साथी ।
अनाथको अभिभावक ज्योतिपुञ्जको बाती ।।

थोपा थोपा जम्मा गरी घैलो भरे जस्तै ।
भोलि खान आजैबाट बीउ छरे जस्तै ।।

जसले सोच्छ भविष्यमा सुरक्षा र सुख ।
साथ दिन्छ ज्योतिपुञ्ज बन्दै अभिमुख ।।

भविष्यको भरोसा वर्तमानको आधार ।
ज्योतिपुञ्जले नै गर्छ सबैको सपना साकार ।।

सबैको सपना साकार ।।

प्रकट पगेनी 'शिव'



# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य महानुभावहरुमा १२औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि., नयाँ बानेश्वर, काठमाडौंको मिति २०७९।०४।१८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयले संस्थाको १२औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित कार्यसूची बमोजिम छलफल गरी निर्णय गर्नका लागि देहायका उल्लेखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा हुने भएकोले सोही अनुसार उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुलाई अनुरोध छ ।

## साधारण सभाका कार्यसूचीहरु

१. सञ्चालक समितिको प्रतिवेदन सम्बन्धमा,

२. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा,

३. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,

४. आ.व. २०७९/०८० को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा,

५. लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा,

६. आ.व. २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण सम्बन्धमा,

७. निर्वाचन सम्बन्धमा,

८. साधारण सभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि तथा साधारण सभा (केन्द्र)को निर्णय प्रमाणित गर्न पठाउनु पर्ने एकाइ प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा,

९. आ.व. २०७८/०७९ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने,

१०. विनियम संशोधन सम्बन्धमा,

११. विविध ।

  क) आन्तरिक नीति तथा कार्यविधि सम्बन्धमा

## कार्यक्रम:

| बैठक मिति | एकाइ | एकाइको क्षेत्र (सेवा केन्द्र) | बैठक समय | बैठक स्थान |
|---|---|---|---|---|
| २०७९।०५।१८ | १ | मुख्य कार्यालय र गोठाटार सेवा केन्द्र | दिउँसो ३:०० बजे | थापागाँउ व्यांकेट, नयाँ बानेश्वर, काठमाडौं |
| २०७९।०५।२५ | २ | कुमारीपाटी सेवा केन्द्र र लुभू सेवा केन्द्र | दिउँसो ३:०० बजे | हेरिटेज गार्डेन, सानेपा, ललितपुर |

साधारण सभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा :

२०७९ भाद्र २७ गते, सोमबार बिहान ११:०० बजे, संस्थाको मुख्य कार्यालय, नयाँ बानेश्वर, काठमाडौं



**सञ्चालक समितिको आज्ञाले**
**सचिव**

नोट: संस्थाको १२औं वार्षिक प्रतिवेदन www.jyotipunja.coop.np बाट पनि प्राप्त गर्न सकिने छ ।

# विषयसूची


| | |
|---|---|
| संस्थाको संक्षिप्त पृष्ठभूमि | १ |
| सञ्चालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन | ७ |
| विगत पाँच वर्षका मुख्य-मुख्य उपलब्धीहरु | १६ |
| लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन | १७-१९ |
| लेखापरीक्षकको प्रतिवेदन | २०-२३ |
| वासलात | २४ |
| नाफा नोक्सान हिसाब | २५ |
| नगद प्रवाह विवरण | २६ |
| अनुसूची १ देखि १५ सम्म | २७-३४ |
| प्रमुख लेखा नीति | ३५ |
| लेखा सम्बन्धि टिप्पणीहरु | ३६-३७ |
| नोट | ३८ |



# संक्षिप्त पृष्ठभूमि
## (Brief Background)

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड २०६८ बैशाख २९ गते तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता भई २०६८ भाद्र ०४ गतेबाट विधिवत रुपमा कारोबार शुभारम्भ गरी सञ्चालनमा आएको हो ।

# परिकल्पना
## (Vision)

सदस्यहरुको पहिलो रोजाइको सबल, गतिशील र विश्वसनीय साकोस ।

# मुल्य मान्यता
## (Core Values)

- सामुहिक कार्य
- जवाफदेहिता
- उत्तरदायित्व
- ऐक्यबद्धता
- गोपनियता
- दीगोपना
- ईमान्दारी
- सम्मानको संस्कृति
- समयको पालना
- पारदर्शिता
- शून्य सहनशीलता
- समाबेशी सहभागिता
- प्रतिबद्धता
- नियमितता

# ध्येय
## (Mission)

सेवामा उत्कृष्टता, नवीनतम प्रविधि र विशिष्ठ पहिचानसहित सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिको सहयात्री बन्ने ।

# संस्थाको कार्यक्षेत्र
## (Working Area)

काठमाडौं, ललितपुर र भक्तपुर जिल्ला ।



कार्यालयहरु :
**४**
(मुख्य कार्यालय १ र सेवा केन्द्र कार्यालय ३)

सदस्य संख्या :
**३५८४**
महिला १६६२ पुरुष १९२२

ऋणी सदस्य संख्या :
**३१९**

मोवाइल बैंकिङ्ग प्रयोगकर्ता :
**८०७**

नियमित बचतकर्ता संख्या :
**२४७२**

क्यू आर प्रयोगकर्ता सदस्य :
**१५४**



नियमित बचत



अग्रज सम्मान बचत



आवधिक
(मुद्दती) बचत



नारी उन्नति बचत



बाल भविष्य बचत



मेगा प्लस बचत



उद्यमी कर्जा



शैक्षिक कर्जा



आवास कर्जा



कृषि कर्जा


बचतका अन्य प्रकारहरू
(Other Saving Schemes)
साधारण बचत
बिशेष बचत
पत्रेदार बचत
फ्यूचर बचत
ऋणका अन्य प्रकारहरू
(Other Loan Schemes)
नियमित बचत धितो कर्जा
आवधिक (मुद्दती) रसिद धितो कर्जा
सामुहिक बचत धितो कर्जा

## सदस्य हित योजना Member Welfare Plan*

**यस योजना अन्तर्गत हाल संस्थाले सञ्चालन गरेका कार्यक्रमहरु**

- एसईई परीक्षामा उतिर्ण बाल सदस्य सम्मान रु.३००० ।-
- बालबालिका जन्मोत्सव शुभकामना रु. ५०० ।-
- प्रसुति सदस्य कोसेली रु.२००० ।-
- शिशु बचत आरम्भ रु.१००० ।-(खुत्रुके सहित)
- श्रद्धाञ्जली सहितको राहत रु.१५,००० ।-



*सदस्य हित योजना कार्यविधि बमोजिम हुनेछ ।



# १२औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत  मन्तव्य तथा वार्षिक प्रतिवेदन

**आदरणीय सदस्य महानुभावहरु,**

सदस्य महानुभावहरुको प्रत्यक्ष सहभागितामा समान कार्यसूची अन्तर्गत एकाइगत आधारमा आयोजना गरिएको यस **ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.** को गरिमामय बाह्रौं वार्षिक साधारण सभाको अवसरमा उपस्थित सम्पूर्ण सदस्यज्यूहरु तथा शुभचिन्तक महानुभावहरुलाई हार्दिक अभिवादनको साथै सम्मान व्यक्त गर्दछु । हाम्रो ११औं वर्षसम्मको यात्राका दौरान आइपरेका आरोह अवरोहमा निरन्तर साथ, समर्थन र हौसला प्रदान गर्ने सदस्यज्यूहरु, सरोकारवाला निकाय, नियामक निकाय लगायत सबैमा आजको यो विशेष दिनमा हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

सहकारीका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुल्य, मान्यता र सिद्धान्तअनुरुप संस्थाले सदस्यहरुको सामाजिक, आर्थिक, साँस्कृतिक र पर्यावरणीय विकासलाई प्राथमिकताको अग्रभागमा राखेर नीति, कार्यक्रम र उत्पादन सेवाहरु विकास गर्दै आएको छ । यसरी विश्लेषण गर्दा सहकारीमार्फत स्वरोजगारी एवम् रोजगारी सृजना, उद्यमशिलता प्रवर्द्धन, सामाजिक उत्तरदायित्व बहन लगायत राष्ट्रिय विकासका आवश्यकताहरुको सम्बोधनमा यस संस्थाले पनि योगदान गर्दै आएको मान्न सकिन्छ । वित्तीय व्यवस्थापनसँगै सरसफाई, वातावरण संरक्षण, रक्तदान, ज्येष्ठ नागरिक सम्मान आदि  सामाजिक विकासका विविध क्रियाकलापहरु सञ्चालन गर्दै समुदायको एक उदाहरणीय संस्थाको रुपमा आफुलाई स्थापित गर्दै गरेको यहाँहरु सबैलाई अवगत नै छ ।

विगतका प्रशंसनीय एवम् सदस्य अनुमोदित कार्यहरुलाई निरन्तरता दिँदै यस संस्थाले तयार गरेको भावी रणनीतिक योजनाहरु कार्यान्वयन गरी थप सुशासित, मर्यादित र दिगो बनाउने काममा अनवरत लागिपर्ने विश्वास दिलाउन चाहन्छौं ।

कोभिड-१९ को महामारीले उत्पन्न गराएको आर्थिक संकट आम सर्वसाधारणले मात्र नभई सिङ्गो मुलुकले ब्यहोर्नुपरेको कुरा हाम्रो सामु स्पष्ट छ । वित्तीय क्षेत्रका लागि त यी कुराहरु अझ चिन्ता र चुनौतीका बिषय हुन् ।  यस परिप्रेक्ष्यमा तमाम चुनौतीहरुबाट शिक्षा लिई उच्च सजगताका साथ, संस्था र सदस्यहरुको सर्वोत्तम हित र समुन्नतिका लागि आ-आफ्नो क्षेत्रबाट अघि बढ्नुपर्ने कुराको अनुभूति आज सर्वत्र गरिएको छ र हामीलाई पनि भएको छ । यस्तो परिस्थितिको बावजूत पनि सदस्य महानुभावहरुको अविच्छिन्न साथ, सहयोग र हौसलाको आडमा संस्थाले आर्थिक वर्ष २०७८/०७९ मा हासिल गरेका वित्तीय उपलब्धिहरु सन्तोषजनक रहेका छन, जसले गर्दा हामी सबैलाई ठुलो हौसला मिलेको छ । यसका लागि सबै सदस्य महानुभावहरु प्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छौं । साथै आउँदा दिनहरुमा पनि सदाझैं सदस्य हितलाई केन्द्रविन्दुमा राखेर संस्थाको समग्र सेवा व्यवस्थापनलाई समय र प्रविधिको गतिशीलतासँगै उपयोगी, विश्वसनीय र चुस्त बनाउने प्रयासमा हामी निरन्तर लागिपरेका छौं । यस कार्यलाई थप परिभाषित र परिष्कृत गर्न सदस्यहरुको सृजनात्मक अनि रचनात्मक सल्लाह सुझावहरु आत्मसात गर्दै सञ्चालक तथा व्यवस्थापन समूहको ज्ञान, सीप र अनुभवको सम्मिश्रण गरी दिगो संस्थागत विकासका लागि हामी सधैं दत्तचित्त छौं ।

आगामी दिनहरुमा पनि सदस्य महानुभावहरुको निरन्तर साथ र सहयोगको अपेक्षासहित संस्थाको हितमा सदैव निष्ठापूर्वक कार्य गर्ने पूर्ण प्रतिवद्धता व्यक्त गर्दछौं ।

आदरणीय सदस्यज्यूहरु, अब म, आर्थिक वर्ष २०७८/०७९ मा संस्थाले हासिल गरेका वित्तीय तथा संस्थागत उपलब्धिहरुको विवरण प्रस्तुत गर्न चाहन्छु ।

## क) समीक्षा वर्षको कारोवारको सिंहावलोकन

आर्थिक वर्ष २०७८/०७९ मा भएका उपलब्धिहरुको मुख्य-मुख्य विवरण र आर्थिक वर्ष २०७७/०७८ सँगाको तुलनात्मक परिवर्तन

| शिर्षक | २०७९ आषाढ मसान्त (रू.) | २०७८ अषाढ मसान्त (रू.) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| सदस्य संख्या | ३५८४ | २७८९ | २८.५० |
| चुक्ता पुँजी | १०,५२,७१,९००.०० | १०,४१,१०,०००.०० | १.१२ |
| कुल बचत रकम | १,३०,३२,८४,२३०.१२ | १,१७,५५,४०,११०.७३ | १०.८७ |
| जगेडा कोष | ९,९३,३१,४४४.५९ | ७,८७,४३,८८०.३० | २६.१४ |
| कुल संस्थागत पुँजी | १०,८६,०४,९३०.७८ | ८,६६,६४,६११.७८ | २५.३२ |
| अन्य कोषहरुको रकम | २,६५,२७,३१७.०९ | २,३५,०८,८४४.९५ | १२.८४ |
| लगानीमा रहेको कर्जा | १,५६,३४,७१,५२४.६१ | १,३१,६५,९०,७८५.७५ | १८.७५ |
| ऋणी सदस्य संख्या | ३१९ | ३४१ | (६.४५) |
| तरलता रकम | २०,१२,३७,६८७.२८ | २०,८९,२७,८००.८८ | (३.६८) |
| तरलता प्रतिशत | १५.४४% | १७.७७% | (२.३३) |
| कुल सम्पत्ति | १,८६,७५,३२,७८८.८० | १,६२,६३,०९,७९४.७१ | १४.८३ |

| शिर्षक | आ.व. ०७८/७९ (रू.) | आ.व. ०७७/७८ (रू.) | परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| कुल आम्दानी | २४,११,३२,६७६.४२ | २२,०२,४७,९३२.३९ | ९.४८ |
| कुल खर्च | १९,२४,१९,६४०.६० | १६,१३,६५,८३९.११ | १९.२४ |
| खुद मुनाफा | ४,८७,१३,०३५.८२ | ५,८८,८२,०९३.२८ | (१७.२७) |

### १. सदस्यता

आर्थिक वर्ष २०७७/०७८ मा सदस्य संख्या २७८९ जना रहेकोमा समीक्षा अवधिमा संस्थाले सदस्यता बृद्धिलाई मुख्य प्राथमिकतामा राखेको हुँदा आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्म आइपुगदा ७९५ ले बृद्धि भइ कुल ३५८४ जना सदस्य हुनुहुन्छ । जस मध्ये १६६२ महिला सदस्य र १९२२ पुरुष सदस्य हुनुहुन्छ । त्यसैगरी २६१ जना बाल बचतकर्ताका रुपमा रहनुभएको छ भने उहाँहरुलाई सावालक भएपश्चात आबश्यक प्रकृया पुरा गरी शेयर सदस्यको रुपमा रुपान्तरण गरिँदै लगिएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा सदस्यता बृद्धिलाई प्रतिशतमा हेर्ने हो भने २८.५०% को बृद्धिदर भएको छ । आर्थिक वर्ष २०७९/०८० का लागि २९.५५% ले सदस्यता बृद्धि गरी ४६४३ जना पुऱ्याउने लक्ष्य लिइएको छ ।

### २. शेयर पुँजी

आर्थिक वर्ष २०७७/०७८ को अन्त्यमा संस्थाको शेयर पुँजी रु. १०,४१,१०,०००.०० रहेकोमा यस आ.व.मा ११,६१,९००.००(१.१२%)लेबृद्धिभईरु.१०,५२,७१,९००.०० कायम भएको छ । संस्थाले आर्थिक वर्ष २०७९/०८० का लागि शेयर पुँजी रु. १०,५८,००,०००.०० पुऱ्याउने लक्ष्य लिएको छ । साथै आर्थिक वर्ष २०७८/०७९ को मुनाफाबाट सदस्यज्यूहरुलाई १६.००% का दरले लाभांश वितरण गर्ने सञ्चालक समितिको निर्णय अनुमोदन गर्नका लागि यस सभा समक्ष पेश गर्दछु ।

### ३. बचत हिसाब

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाका सदस्यहरुको कुल बचत रकम रु. १,३०,३२,८४,२३०.१२ कायम रहेको छ । यो रकम अघिल्लो आर्थिक वर्षको तुलनामा

रु. १२,७७,४४,११९.३९ (१०.८७%) ले बृद्धि भएको हो । आर्थिक वर्ष २०७९/०८० का लागि कुल बचत रकम रु. १,४५,५७,६०,००० पुऱ्याउने लक्ष्य लिइएको छ ।

## ४. जगेडा कोष

आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको जगेडा कोषको रकम रु. ७,८७,४३,८८०.३० रहेको मा यस आर्थिक वर्षमा रु. २,०५,८७,५६४.२९ (२६.१४%) ले बृद्धि भई जगेडा कोष रकम रु. ९,९३,३१,४४४.५९ पुगेको छ । आर्थिक वर्ष २०७९/०८० मा उक्त कोषमा रकम रु. ११,४५,५८,००० पुग्ने अनुमान गरिएको छ ।

## ५. कुल संस्थागत पुँजी

आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको कुल संस्थागत पुँजी (जगेडा कोष, घाटा पूर्ति कोष र खर्च नहुने अन्य कोषहरुको रकम) रु. ८,६६,६४,६११.७८ रहेको मा यस आर्थिक वर्षमा उक्त कोषमा रु. २,१९,४०,३१९.०० (२५.३२%) ले बृद्धि भई कुल संस्थागत पुँजी रु. १०,८६,०४,९३०.७८ पुगेको छ । आर्थिक वर्ष २०७९/०८० मा यस कोषको रकम रु. १२,४८,४४,००० पुग्ने अनुमान गरिएको छ ।

## ६. अन्य कोषहरुको रकम

आर्थिक वर्ष २०७७/०७८ मा संस्थाको अन्य कोषहरु (वितरण हुने र खर्च गरिने कोष) को रकम रु. २,३५,०८,८४४.९५ रहेको मा आर्थिक वर्ष २०७८/०७९ मा उक्त कोषमा रु. २,६५,२७,३१७.०९ रहेको छ । आर्थिक वर्ष २०७९/०८० मा यस कोषमा रकम रु. २,५५,८५,०००.०० हुने अनुमान गरिएको छ ।

## ७. लगानीमा रहेको कर्जा

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाको लगानीमा रहेको कर्जा रु. १,५६,३४,७१,५२४.६१ रहेको छ । अघिल्लो वर्षको रकममा रु. २४,६८,८०,७३८.८६ (१८.७५%) ले बृद्धि भएको हो । आर्थिक वर्ष २०७९/०८० मा संस्थाको लगानीमा रहेको कर्जा रु. १,६७,३२,००,०००.०० हुने अनुमान गरिएको छ ।

## ८. ऋणी सदस्य संख्या

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाबाट कर्जाको सेवा लिने सदस्यको संख्या ३१९ रहेको छ । अघिल्लो वर्षको संख्यामा २२ जना (६.४५%) ले कमी आएको हो । आर्थिक वर्ष २०७९/०८० मा संस्थाबाट कर्जाको सेवा लिने सदस्यको संख्या बृद्धि गर्न सानो आकारको कर्जा लगानीलाई बिशेष प्राथमिकतामा राखी उक्त संख्यामा उल्लेख्य बृद्धि गर्ने लक्ष्य लिइएको छ ।

## ९. ऋण नोक्सानी व्यवस्था

आर्थिक वर्ष २०७८/०७९ आषाढ मसान्त सम्मको लगानीमा रहेको असल ऋणमा १% (रु.१,५३,९४,४४९.८९), शंकास्पद ऋणमा ३५% (रु.३१,८९,६०८.५६) र खराब ऋणमा १००% (रु. १,४९,१३,३६७.८०) गरी जम्मा रु.३,३४,९७,४२६.२६ ऋण नोक्सानी व्यवस्था गरिएको छ । कर्जा भुक्तानी अवधिको भाखा नाघेको आधारमा कर्जा नोक्सानी व्यवस्था भएको कर्जा असुली गर्ने कार्यलाई थप तिब्रता दिईने छ ।

## १०. तरलता रकम

आर्थिक वर्ष २०७८ / ०७९ को आषाढ मसान्तमा संस्थाको भल्टमा भएको नगद र ऐनले तोके बमोजिमका बैंक तथा वित्तीय संघ संस्थाहरुमा जम्मा भएको रकम समेत गरी रु. २०,१२,३७,६८७.२८ तरलता रकम रहेको छ । उक्त रकमलाई प्रतिशतमा हिसाव गर्दा १५.४४% हुन आउँछ । गत आर्थिक वर्षमा १७.७७% तरलता रहेको थियो । आर्थिक वर्ष २०७९/०८० का लागि पनि आबश्यक मात्रामा तरलता व्यवस्थापन गर्ने लक्ष्य लिईएको छ ।

## ११. लगानी हिसाब

सहकारी ऐन तथा नियमावलीले निर्दिष्ट गरे बमोजिमको संघ संस्थाहरुमा रहेको शेयर लगानी रकम आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा रु. १,१७,५९,०००.०० रहेको छ ।

## १२. कुल सम्पति

आर्थिक वर्ष २०७८/०७९ को अन्त्य सम्ममा संस्थाको कुल सम्पति रु. १,८६,७५,३२,७८८.८० रहेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा संस्थाको कुल सम्पति रकममा रु. २४,१२,२२,९९४.०९ (१४.८३%) ले बृद्धि भएको हो । संस्थाले आर्थिक वर्ष २०७९/०८० को अन्त्य सम्ममा कुल सम्पति रु. २,०१,१९,६६,०००.०० हुने अनुमान गरेको छ ।

## १३. कुल आम्दानी

आर्थिक वर्ष २०७८/०७९ मा संस्थामा ब्याज आम्दानी तथा अन्य आम्दानी शिर्षकबाट कुल आम्दानी

रु.२४,११,३२,६७६.४२ भएको छ । गत वर्षको तुलनामा ९.४८ प्रतिशतले आम्दानीमा बृद्धि भएको हो । आर्थिक वर्ष २०७९/०८० मा बिभिन्न शिर्षकबाट रु. २५,५७,५०,०००.०० आम्दानी गर्ने अनुमान गरिएको छ ।

## १४. कुल खर्च

आर्थिक वर्ष २०७८/०७९ मा संस्थामा ब्याज खर्च, कर्मचारी खर्च, प्रशासनिक खर्च, कर्जा नोक्सानी व्यवस्था, ह्रास कट्टी खर्च र बाह्य ऋणमा ब्याज खर्च शिर्षक गरी कुल खर्च रु. १९,२४,१९,६४०.६० भएको छ । गत वर्षको तुलनामा १९.२४ प्रतिशत खर्चमा बृद्धि भएको हो । वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको चुनौतीका कारण बचत सेवाहरुमा निरन्तर ब्याजदर बृद्धि हुनु, गत आर्थिक वर्षको तुलनामा समीक्षा वर्षमा आवधिक तर्फको बचत बृद्धि हुनु र बाह्य ऋण बृद्धिका कारण ब्याज खर्च बढ्न गई कुल आम्दानीको तुलनामा कुल खर्च अधिक भएको छ । आर्थिक वर्ष २०७९/०८० मा संस्थाको बिभिन्न शिर्षकबाट रु. २०,५५,४७,०००.०० खर्च हुने अनुमान गरिएको छ ।

## १५. खुद मुनाफा

समीक्षा अवधिमा बिभिन्न शिर्षकहरुबाट प्राप्त भएको आम्दानीबाट बिभिन्न शिर्षकहरुमा भएको खर्च घटाई संस्थाको खुद मुनाफा रु. ४,८७,१३,०३५.८२ भएको छ । गत वर्षको तुलनामा खुद मुनाफामा १७.२७ प्रतिशतले कमी आएको छ । आर्थिक वर्ष २०७९/०८० मा संस्थाको खुद मुनाफा रु. ५,०२,०३,०००.०० हुने अनुमानित लक्ष्य रहेको छ ।

## १६. राजस्वमा योगदान

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाले बचतमा ब्याज कर, अग्रिम आयकर, लेखा परिक्षण शुल्क कर, घरबहाल कर, बैठक भत्ता कर, कर्मचारी तलव भत्ता कर, लाभांश कर, संरक्षित पुँजी फिर्ता कोष कर र अन्य कर गरी जम्मा रु. १,३७,३७,२३८.२० नेपाल सरकारलाई राजस्वमा योगदान गरेको छ भने आर्थिक वर्ष २०७७/०७८ मा उल्लेखित शिर्षकहरु बाट जम्मा रु. १,४०,८०,६७४.४८ को योगदान रहेको थियो ।

## १७. रेमिट्यान्स (विप्रेषण) कारोवार

संस्थाले आईएमई, प्रभु र वेर्स्टन युनियन मनि ट्रान्सफर मार्फत आर्थिक वर्ष २०७८/०७९ मा संकलन तर्फ रु.१,८९,७८,४९७.६२ र भुक्तानी तर्फ रु.५२,६०,५४४.०० गरी कुल रेमिट कारोवार रु.२,४२,३९,०४१.६२ भएको छ । उक्त कारोवारबाट कमिसन वापत रु. ४३,७०४.७८ आम्दानी प्राप्त भएको छ । आर्थिक वर्ष २०७७/०७८ मा उक्त सेवा मार्फत कुल कारोवार रु. १,४८,१६,८८७.९४ भएको थियो ।

## १८. प्रविधि मार्फत कारोवार

आर्थिक वर्ष २०७८/०७९ मा संस्थाको मोवाइल बैंकिङ सेवा अन्तर्गत फण्ड ट्रान्सफर मार्फत रु. ४२,२०,५९२.०० संकलन र रु. १,०७,७३३,६४४.५२ फिर्ता भएको छ भने संस्थाको क्युआर भुक्तानी प्रणाली मार्फत रु. २,८३,७७,०१७.२५ संकलन र रु.५८,२९,३८८.५२ फिर्ता भएको छ । आगामी वर्ष प्रविधि मार्फत हुने कारोवारलाई अझ बृद्धि गर्ने लक्ष्य लिईएको छ ।

## १९. सदस्य हित योजना

संस्थाले आर्थिक वर्ष २०७८/०७९ को जेठ महिनाबाट लागु हुने गरी सदस्य हित योजना सञ्चालनमा ल्याएको हो । जस अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु सञ्चालनमा आएका छन् ।

१) बालबालिका जन्मोत्सव शुभकामना रु. ५००.००

२) शिशु बचत आरम्भ रु. १,०००.०० (खुत्रुके सहित)

३) प्रसुति सदस्य कोसेली कार्यक्रम अन्तर्गत रु. २,०००.००

४) एसईई परीक्षामा उतिर्ण विद्यार्थी सम्मान रु. ३,०००.००

५) श्रद्धाञ्जली सहितको राहत रु. १५,०००.००



सदस्य हितसँग जोडिएको यस कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरिने छ ।

## २०. सेवा केन्द्र विस्तार

समुदायस्तरबाट सदस्यहरुलाई सर्वसुलभ एवं प्रभावकारी एकिकृत सेवा उपलब्ध गर्दै सदस्यता विस्तारलाई



निरन्तरता दिने उद्देश्यले मिति २०७८ मंसिर, ४ गतेबाट ललितपुर जिल्ला अन्तर्गत लुभू सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याईएको छ । आर्थिक वर्ष २०७९/०८० मा सेवा केन्द्र विस्तार तर्फ कुनै योजना रहेको छैन ।

## २१. कर्मचारी व्यवस्थापन

हाल संस्थामा देहाय बमोजिमका कर्मचारीहरु कार्यरत रहेका छन् ।

| पद | तह | संख्या |
|---|---|---|
| कार्याकारी प्रमुख | आठौं | १ |
| प्रबन्धक | सातौं | १ |
| अधिकृत | छैठौं | ६ |
| बरिष्ठ सहायक | पाँचौ | ८ |
| सहायक | चौंथो | १६ |
| कार्यालय सहयोगी | तह विहिन | ४ |
| | जम्मा | ३६ |

## २२. सदस्य सन्तुष्टि सर्वेक्षण

संस्थाले विकास गरेको सेवाहरुको उपयोगमा सदस्यहरुको सन्तुष्टि मापनका लागि आर्थिक वर्ष २०७८/०७९ मा मुख्य कार्यालय नयाँ बानेश्वरबाट ३२ जना, कुमारीपाटी सेवा केन्द्रबाट १२६ जना, गोठाटार सेवा केन्द्रबाट ८९ जना र लुभू सेवा केन्द्रबाट २७ जना गरी जम्मा २७४ जना सदस्य महानुभावहरुबाट सर्वेक्षण फारम मार्फत  सन्तुष्टि सर्वेक्षण गरी प्राप्त भएका राय, सल्लाह, सुझाव तथा जिज्ञासालाई यथोचित रुपमा व्यवस्थापन गर्ने प्रयास गरिएको छ । यस कार्यलाई आगामी दिनहरुमा समेत अझ प्रभावकारी विधिहरु मार्फत कार्यान्वयन गरिने छ ।

## २३. सामाजिक उत्तरदायित्व

संस्थाले आफ्नो स्थापनाकालदेखि नै समुदायको एक जिम्मेवार सहकारी संस्थाको रुपमा संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहलाई उच्च प्राथमिकता दिँदै आएको छ । यस अन्तर्गत विशेष गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा



सम्बन्धित निकाय, समुदायस्तर र सदस्यज्यूहरुसँगको राय सल्लहमा योगदान पुग्नेगरी कार्य गर्दै आइरहेको छ । संस्थाले नयाँ वर्ष २०७९ सालको अवसर पारेर लुभू सेवा केन्द्र अन्तर्गत रक्तदान कार्यक्रम तथा त्यहाँ स्थित लुभू प्राथमिक स्वास्थ्य केन्द्रलाई संस्थाको तर्फबाट रु. ६१,३२६.०० को स्वास्थ्य सम्बन्धि उपकरण उपलब्ध गरेको छ ।

संस्थाले समाजको वृहत्तर हितका लागि आगामी दिनहरुमा पनि सामाजिक कार्यहरुलाई प्रभावकारी बनाउन मुख्य कार्यालय, कुमारीपाटी सेवा केन्द्र, गोठाटार सेवा केन्द्र र लुभू सेवा केन्द्र कार्यालय मार्फत योजनाबद्ध रुपमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरु अघि बढाउने लक्ष्य लिएको छ ।

## २४. पर्ल्सको आधारमा विश्लेषण

| सूचक | क्षेत्र | बिवरण | रकम | नतिजा | मापदण्ड |
|---|---|---|---|---|---|
| P-Protection सूरक्षण | P1 | नोक्सानीको लागि व्यवस्था | १४,९१३,३६७.८० | १००% | १००% |
| | | खराब कर्जा | १४,९१३,३६७.८० | | |
| | P2 | नोक्सानीको लागि व्यवस्था | ३,१८९,६०८.५६ | ३५% | ३५% |
| | | संकास्पद कर्जा | ९,११३,१६७.३२ | | |
| | P3 | खराब कर्जा उपलेखन गरे/नगरेको | नगरेको | | - |
| | P4 | उपलेखन गरिएको खराब कर्जा | - | ०% | न्यूनतम |
| | | कुल कर्जा | १,५४५,३६८,५४८.२५ | | |
| | P5 | उपलेखित खराब कर्जाको असुली | - | | >७५% |
| | | कुल उपलेखित खराब कर्जा | - | | |
| | P6 | सम्पत्तिको खुद मुल्य | १,८३४,०३५,३६२.५४ | १३०% | >=१११% |
| | | कुल शेयर तथा बचत | १,४०८,५५६,१३०.१२ | | |
| E-Effective Financial Structure प्रभावकारी वित्तीय संरचना | E1 | शुद्ध कर्जा | १,५४५,३६८,५४८.२५ | ८३% | ७०-८०% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E2 | तरल लगानी | २०१,२३७,६८७.२८ | ११% | <=१६% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E3 | वितीय लगानी | ११,७५९,०००.०० | १% | <=२% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E4 | गैर वित्तीय लगानी | - | ०% | ०% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E5 | बचत | १,३०३,२८४,२३०.१२ | ७०% | ७०-८०% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E6 | बाह्र्य ऋण | २२७,९७७,७७७.०० | १२% | ०-५% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E7 | शेयर पुँजी | १०५,२७१,९००.०० | ६% | <=२०% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | E8 | संस्थागत पुँजी | १०७,५०२,५८५.२२ | ६% | >=१०% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **A-Assets Quality सम्पत्तिको गुणस्तर** | **A1** | भाखा नाघेको कर्जा | २४,०२६,५३५.१२ | २% | <=५% |
| | | कुल कर्जा | १,५६३,४७१,५२४.६१ | | |
| | **A2** | आय नहुने सम्पति | ९२,०९९,५४३.९१ | ५% | <=५% |
| | | कुल सम्पति | १,८६७,५३२,७८८.८० | | |
| | **A3** | बिना लागतको पुँजी | १२२,१२३,५७५.०७ | १३३% | >=२००% |
| | | आय नहुने सम्पति | ९२,०९९,५४३.९१ | | |
| **R-Rates of Returns and Cost प्रतिफल दर** | **R1** | कर्जा बाट खुद आय | २३३,३०८,०२८.३१ | ११% | बजार दर |
| | | औसत कर्जा | २,१७६,०५७,१८९.०९ | | |
| | **R2** | तरल लगानी बाट आय | ८,०२६,९७८.५० | ४% | बजार दर |
| | | औसत तरल लगानी | २०५,०८२,७४४.०८ | | |
| | **R3** | वित्तीय लगानी बाट आय | १,५८४,९८७.१३ | ९% | बजार दर |
| | | औसत वित्तीय लगानी | १७,६३८,५००.०० | | |
| | **R4** | गैर वित्तीय लगानी बाट आय | - | ०% | >=R1 |
| | | औसत गैर वित्तीय लगानी | - | | |
| | **R5** | वचतमा व्याज | १२५,४८४,६१०.५९ | १०% | बजार दर>मूद्रास्फीति |
| | | औसत बचत | १,२३९,४१२,१७०.४३ | | |
| | **R6** | बाह्य ऋणमा व्याज | १९,०९६,०३२.४३ | १०% | बजार दर |
| | | औसत बाह्य ऋणमा | १९३,०७५,३२१.४३ | | |
| | **R7** | शेयर पुंजीमा लाभांश | १४,००५,७७०.३६ | १३% | बजार दर>R5 |
| | | औसत शेयर पुंजीमा | १०४,६९०,९५०.०० | | |
| | **R8** | कुल मुनाफा | ८२५४६,२६३.०४ | ५% | बजार दर |
| | | औसत सम्पति | १,७४६,९२१,२९१.७५ | | |
| | **R9** | प्रशासनिक खर्च | ३३,९३६,६५१.९६ | २% | <=५% |
| | | औसत सम्पति | १,७४६,९२१,२९१.७५ | | |
| | **R10** | जम्मा नोक्सानीको लागि व्यवस्था | ३३,४९७,४२६.२६ | २% | ^P1=100%<br>^P2=35% |
| | | औसत कर्जा | १,४४०,०३१,१५५.१८ | | |
| | **R11** | अन्य आय | १८,१६९,५१५.५६ | १% | न्यूनतम |
| | | औसत सम्पति | १,७४६,९२१,२९१.७५ | | |
| | **R12** | खुद आय | २४,०२४,७२१.२५ | १% | बजार दर |
| | | औसत सम्पति | १,७४६,९२१,२९१.७५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| L-Liquidity तरलता | L1 | तरल सम्पति (अल्पकालिन) दायित्व | १४६,२७८,४३७.७४ | ११% | १५% |
| | | कुल बचत | १,३०३,२८४,२३०.१२ | | |
| | L2 | तरल सम्पति | २०१,२३७,६८७.२८ | १५% | १५-२०% |
| | | कुल बचत | १,३०३,२८४,२३०.१२ | | |
| | L3 | आय नहुने तरल सम्पत्ति | १,०३४,९६७.०० | ०% | <१% |
| | | कुल बचत | १,३०३,२८४,२३०.१२ | | |
| S-Signs of Growth वार्षिक वृद्धि संकेत | S1 | कुल कर्जा तथा लगानीमा वृद्धि | २४६,८८०,७३८.८६ | १९% | E1=70-80% |
| | S2 | तरल लगानीमा वृद्धि | (७,६९०,११३.६०) | -४% | E2<=16% |
| | S3 | वित्तीय लगानीमा वृद्धि | - | ०% | E3<=2% |
| | S4 | गैर वित्तीय लगानीमा वृद्धि | - | ०% | E4=0% |
| | S5 | बचतमा वृद्धि | १२७,७४४,११९.३९ | ११% | E5=70-80% |
| | S6 | वाह्य ऋणमा वृद्धि | ६९,८०४,९११.१५ | ४४% | E6=0-5% |
| | S7 | शेयर पुँजीमा वृद्धि | १,१६१,९००.०० | १% | E7<=20% |
| | S8 | संस्थागत पुँजीमा वृद्धि | २१६,८९९,०९.८५ | २५% | E8>=10% |
| | S9 | कुल संस्थागत पुँजीमा वृद्धि | १२,६१७,०८७.८७ | २१% | E9>=10% |
| | S10 | शेयर सदस्य संख्यामा वृद्धि | ७९५.०० | २९% | >=15% |
| | S11 | कुल सम्पतिमा वृद्धि | २४१,२२२,९९४.०९ | १५% | >मुद्रास्फीति+10% |

## २५. प्रोवेशन (PROBATION) कार्यक्रम सम्बन्धमा

यस ज्योतिपुञ्ज साकोस, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) द्वारा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरुको गुणस्तर सुनिश्चितता सम्बन्धी प्रमाणीकरण कार्यक्रम-"पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम -प्रोवेशन (Program for Building Absolute and Professionalization-ROBATION)" मा आवद्ध छ । तोकिएका निश्चित सूचक तथा मापदण्ड हासिल गरेको आधारमा दिइने उक्त कार्यक्रममा सहभागितासँगै निकट भविष्यमा प्रोवेशन ब्राण्ड प्राप्त गर्ने लक्ष्यसहित संस्था अघि बढि रहेको छ ।



## २६. आर्थिक वर्ष २०७९/०८० को लागि मुख्य-मुख्य विवरणहरुको अनुमानित लक्ष्य देहाय बमोजिम रहेको छ ।

| शिर्षक | २०७९ आषाढ मसान्त (वास्तविक) | २०८० अषाढ मसान्त (प्रक्षेपित) | अनुमानित परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| सदस्य संख्या | ३५८४ | ४६४३ | २९.५५ |
| चुक्ता पुँजी | १०,५२,७१,९००.०० | १०,५८,००,०००.०० | ०.५० |
| कुल बचत रकम | १,३०,३२,८४,२३०.१२ | १,४५,५७,६०,०००.०० | ११.७० |
| जगेडा कोष | ९,९३,३१,४४४.५९ | ११,४५,५८,०००.०० | १५.३३ |
| कुल संस्थागत पुँजी | १०,८६,०४,९३०.७८ | १२,४८,४४,०००.०० | १४.९५ |
| अन्य कोषहरुको रकम | २,६५,२७,३१७.०९ | २,५५,८५,०००.०० | (३.४८)* |
| लगानीमा रहेको कर्जा | १,५६,३४,७१,५२४.६१ | १,६७,३२,००,०००.०० | ७.०२ |
| ऋणी सदस्य संख्या | ३१९ | ३९८ | २५.७६ |
| तरलता रकम | २०,१२,३७,६८७.२८ | २९,११,५२,०००.०० | |
| तरलता प्रतिशत | १५.४४% | २०.००% | |
| कुल सम्पति | १,८६,७५,३२,७८८.८० | २,०१,१९,६६,०००.०० | ७.७३ |

| शिर्षक | २०७९ आषाढ मसान्त (वास्तविक) | २०८० अषाढ मसान्त (प्रक्षेपित) | अनुमानित परिवर्तन (प्रतिशत) |
|---|---|---|---|
| कुल आम्दानी | २४,११,३२,६७६.४२ | २५,५७,५०,०००.०० | ६.०६ |
| कुल खर्च | १९,२४,१९,६४०.६० | २०,५५,४७,०००.०० | ६.८२ |
| खुद मुनाफा | ४,८७,१३,०३५.८२ | ५,०२,०३,०००.०० | ३.०६ |

(*आर्थिक वर्ष २०७९/०८० का लागि नेपाल सरकारले सहकारी संस्थाको मुनाफामा लिएको कर व्यवस्थाका कारण कर खर्च बढ्न गई कोषहरुमा पर्न सक्ने असर)

अन्त्यमा, आर्थिक वर्ष २०७८/०७९ को यथार्थ आय-व्यय र आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तुत अनुमानित बजेट तथा सो सँग सम्बन्धित नीति तथा कार्यक्रमहरु र आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन यस सभाबाट पारित गरिदिनुहुन अनुरोध गर्दै बाह्रौं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना सहित सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

**नवराज कार्की**
अध्यक्ष

## शेयर पुँजी

रु. करोडमा




## निक्षेप

रु. अर्बमा




## कर्जा लगानी

रु. अर्बमा




## जगेडा कोष

रु. करोडमा




## कूल संस्थागत पुँजी

रु. करोडमा




## अन्य कोषहरुको रकम

रु. करोडमा



# १२औं वार्षिक साधारण सभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लि.को यस गरिमामय बाह्रौं वार्षिक साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, प्रमुख सल्लाहकार तथा सल्लाहकारज्यूहरु, बिभिन्न उप-समिति पदाधिकारीहरु, उपस्थित सम्पूर्ण सदस्य महानुभावहरु, कर्मचारीहरु लगायत सबैमा लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

संस्थाको यस महत्वपूर्ण सभामा लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रतिवेदन पेश गर्न पाउँदा हामीलाई अत्यन्त खुसी लागेको छ । यस अवसरमा आर्थिक वर्ष २०७८/०७९ मा संस्थाको लेखा सुपरिवेक्षण समितिको बैठक ५ पटक बसी संस्थाको खर्च तथा आयको हिसाब किताबको अवस्था, वर्ष भरि संस्थाले सदस्यहरुलाई कर्जा लगानी गरेको फाइलहरु मध्ये पाँच प्रतिशत नमूना फाइलहरु, सञ्चालक समितिको निर्णयहरु, संस्थाका सबै कार्यालयहरुको भल्टको छड्के परीक्षण, बैंकमा भएको मौज्दातको अबस्था जाँच गर्ने कार्य गरियो । यस दौरानमा पाएको कुराहरुलाई हामीले सहकारी विभागद्वारा जारी गरिएको मापदण्डको दफा ११ को अनुसुची २ अनुसार यसै प्रतिवेदनमा उल्लेख गरेका छौं ।

## १. अघिल्लो साधारण सभाको निर्णयहरु कार्यान्वयनको अवस्था

१. संस्थाको एघारौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट पेश भएको प्रतिवेदनमा उल्लेख भए बमोजिम सदस्यहरुमा संस्थाको पहुँच पुऱ्याउनको लागि लुभू सेवा केन्द्र (लुभू बजार, ललितपुर) सञ्चालनमा आएको छ ।

२. सञ्चालक समितिले अघिल्लो साधारण सभाले दिएको अख्तियारको प्रयोग गर्दै यस संस्था सञ्चालनको लागि आवश्यक पर्ने बिभिन्न ११ वटा कार्यविधिहरु तयार गरी लागु गरिएको छ ।

३. संस्थाको बचत तथा ऋणको ब्याजदरहरु बजार स्थितिलाई मध्यनजर गरी सञ्चालक समितिको निर्णयले बिभिन्न मितिमा गरी चार पटक ब्याजदर परिमार्जन गरिएको छ ।

४. आर्थिक वर्ष २०७८/०७९ मा सदस्य सन्तुष्टि सर्बेक्षण कार्यक्रम अन्तर्गत मुख्य कार्यालय नयाँ बानेश्वरबाट ३२ जना, कुमारीपाटी सेवा केन्द्रबाट १२६ जना, गोठाटार सेवा केन्द्रबाट ८९ जना र लुभू सेवा केन्द्रबाट २७ जना गरी वर्षभरिमा २७४ जना सदस्य महानुभावहरुबाट सर्वेक्षण फारम मार्फत  सदस्य सन्तुष्टि सर्बेक्षण गरि आवश्यक प्रतिवेदन तयार गरिएको छ ।

५. सदस्यता विस्तारलाई विशेष लक्ष्यका रुपमा अघि सारे अनुसार समीक्षा अवधिमा संस्थाले २८.५० प्रतिशतले सदस्यता विस्तार गरेको पाइयो ।

## २. आर्थिक वर्ष २०७८/०७९ मा बसेको बैठक संख्या, निर्णयहरु र निर्णयहरुको कार्यान्वयन अवस्था

आर्थिक वर्ष २०७८/०७९ मा बसेको बैठक संख्या तपसिलमा उल्लेख छ :

| समिति/उप-समिति | बैठक संख्या |
|---|---|
| सञ्चालक समिति बैठक | २५ |
| लेखा सुपरिवेक्षण समिति बैठक | ५ |
| सल्लाहकार उप-समिति | ४ |
| ऋण उप-समिति बैठक | ७० |
| कर्मचारी भर्ना उप-समिति | ३ |

## ३. ऋण लगानीको पत्रिया, ऋण बापतको सुरक्षण वा धितो सम्बन्धी व्यबस्था

१. लेखा सुपरिवेक्षण समितिको बैठकमा महिना भरी लगानी गरिएका कर्जाहरु मध्ये कम्तिमा ५% कर्जाको फाइल नमूनाको रुपमा हेर्ने गरिएको छ । जस अन्तर्गत संस्थाको सदस्यता लिई कम्तीमा नियमित ३ महिना बचत गरेपछि मात्र कर्जा प्रवाह हुनुपर्नेमा केहि कर्जा लगानीमा सो नियमको पालना नभएको पाइयो । अन्य कुराहरुको हकमा संस्थाको ऋण नीति तथा कार्यविधि अनुसार आबश्यक पत्रिया पुरा गरी कर्जा लगानी गरिएको पाइयो ।

२. संस्थाले ऋण नीति अनुसार समीक्षा वर्षमा कुनै

पनि कर्जा बिना धितो लगानी गरेको पाइएन ।

३. कर्जा लगानी गर्दा ऋण नीति बमोजिम धितो मुल्यांकन गरि रु. १,००,००,०००÷- सम्मको हकमा कर्जा प्रशासनको सिफारिसमा ऋण उप-समितिले र रु. १,००,००,०००÷- भन्दा माथिको कर्जाको हकमा ऋण उप-समितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गर्ने गरेको पाइयो ।

४. आबधिक रसिद धितो कर्जा र बचत जमानी कर्जा शिर्षक बाहेकका कर्जामा अचल सम्पत्ति धितो राखेर मात्र लगानी गर्ने गरेको, सबै धितोको मूल्यांकनकर्ताबाट मूल्यांकन गर्ने गरिएको र सबै धितो कर्जामा सोही बमोजिमको रकम थैली खुलाई दृष्टिबन्धक रोक्का गर्ने गरिएको पाइयो ।

## ४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण

ऐन, नियमावलीमा भएका व्यवस्थाहरु, बिभिन्न समयमा सहकारी विभागबाट जारी गरिएका मापदण्ड तथा जारी निर्देशन अनुसार संस्थाले तपसिल बमोजिम कार्यान्वयन गरेको पाइयो ।

- ✓ हरेक बर्ष नियमानुसार ०.५% सहकारी प्रर्वद्धन कोष र आर्थिक वर्ष २०७८÷०७९ बाट ५% स्थिरीकरण कोष काट्ने गरिएको छ ।
- ✓ कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ ।
- ✓ संस्थाको साधारण सभा ऐन अनुसार आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्रै गर्ने गरिएको छ ।
- ✓ बचत र ऋणको सरदर मार्जिन दर ६% भन्दा कम राखिएको छ ।
- ✓ संस्थाको कुल बचतको १५-२०% रकम तरलता राख्नु पर्नेमा सोही बमोजिम कायम रहेको ।
- ✓ सहकारी मापदण्ड अनुसार संस्थाको भल्ट र काउण्टरको तथा ट्रान्जिटको बीमा गरिएको छ ।
- ✓ नियमित रुपमा सम्पत्ति शुद्धीकरणको प्रतिवेदन पठाउने गरिएको ।

## ५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारका निर्देशन /सुझावहरु कार्यान्वयन सम्बन्धी विवरणहरु

आर्थिक बर्ष २०७८/०७९ मा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)बाट प्रोवेशन कार्यक्रम अन्तर्गत अनुगमन भएको थियो । अनुगमनको क्रममा दिइएको विभिन्न सल्लाह सुझावहरुलाई क्रमशः पालना तथा सुधार गर्न सञ्चालक समितिलाई सुझाव प्रतिवेदन दिईसकिएको छ ।

## ६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरु

- ✓ पारिश्रमिकः सञ्चालक समितिको अध्यक्षले व्यवस्थापनको कार्यकारी प्रमुखको रुपमा साधारण सभाले स्वीकृत गरेको पारिश्रमिक लिने गरेको पाइयो ।
- ✓ भत्ताः सञ्चालक तथा सुपरिवेक्षण समिति तथा अन्य उप-समितिको बैठक बस्दाको दिन बैठक भत्ता दिने गरिएको छ ।
- ✓ अन्य सुबिधाहरुः बैठक बस्दा खाजा सुबिधा मात्र दिने गरेको पाइयो ।

## ७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु

- ✓ सबै कर्मचारीहरुलाई मासिक लक्ष्य सहितको कार्यविवरण दिइएको र त्यसै मासिक लक्ष्य प्रगति अनुसार मासिक रुपमा पारिश्रमिक दिने गरेको पाइयो ।
- ✓ सञ्चालक समितिले कर्मचारी प्रशासनलाई व्यवस्थित र चुस्त बनाउन साथै कर्मचारीको सबै सेवा सुविधा उल्लेख गरी कर्मचारी नीति बनाई लागु गरेको पाइयो ।
- ✓ संस्थामा हाल कार्यरत ३६ जना कर्मचारी मध्ये २० जना महिला र १६ जना पुरुष कर्मचारीहरु कार्यरत रहेको पाइयो ।
- ✓ सबै कर्मचारीहरुको भर्ना तथा छनौट कार्य गठित पदपूर्ति उप-समितिबाट गरिएको छ ।

## ८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था

- ✓ सदस्यता विस्तार कार्यलाई समीक्षा अवधिमा बिशेष जोड दिएको पाईयो ।
- ✓ उत्पादनमूलक क्षेत्रमा कर्जा बृद्धिका लागि दिइएको सुझाव सामन्य रुपमा कार्यान्वयन गरिएको छ ।
- ✓ सानो आकारको ऋण लगानी बृद्धिमा प्रगति भएको पाईएन ।

## ९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

गत आर्थिक वर्षमा संस्थाले सदस्यता वृद्धि, बचत, शेयर र कोष तथा कुल पुँजीमा गरेको वृद्धिस्तर सकारात्मक रहेको छ । संस्थाले नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.बाट सञ्चालित गुणस्तर सुनिश्चितता सम्बन्धि प्रोवेसन ब्राण्ड प्राप्त गर्नको लागि आवश्यक पर्ने कार्यविधिहरु निर्माण तथा परिमार्जन गर्दै अघि बढिरहेको पाइयो । समीक्षा वर्षमा वितीय क्षेत्रमा विशेष गरी सहकारी क्षेत्रमा देखिएको तरलताको चुनौतीलाई सहजै व्यवस्थापन गर्न सकेकोमा र सदस्य हित योजनालाई सञ्चालनमा ल्याएकोमा सम्बन्धित सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

## १०. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

१. सञ्चालक समितिको बैठक माइन्युट हेर्दा अझै पनि बैठक सञ्चालन नीति बमोजिमको मितिमा बसेको नपाइएकाले सो तर्फ ध्यानाकर्षण गराइन्छ ।

२. ऋणको वर्गीकरण सहकारी सघं, संस्था दर्ता, सञ्चालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ दफा २२ बमोजिम कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी आवास ऋण हुनुपर्नेमा सो धेरै भएकोले यसलाई मापदण्ड बमोजिम कायम गरी उद्यमी पकृतिका उत्पादनशील क्षेत्रमा ऋण लगानी बढाउनु पर्ने देखिन्छ ।

३. संस्थाको सदस्यता विस्तारको लागि विभिन्न योजना नै बनाएर जानुपर्ने देखिन्छ ।

४. सदस्यता पहिचान (KYM) फारम अपडेट गर्न करिब २० प्रतिशत सदस्यहरुको अझै पुरा गर्न बाँकी रहेकोले यो पुरा गर्न व्यवस्थापन पक्षलाई निर्देशन दिइन्छ ।

५. शेयर सदस्यहरु वृद्धि भए सँगै सहकारी सम्बन्धि शिक्षाको लागि वार्षिक बजेटको व्यवस्था गरे अनुसार सहकारी शिक्षालाई नियमित गर्नुपर्ने देखिन्छ ।

६. संस्थाको शेयर सदस्यहरुलाई आयमूलक सिप सिकाउनको लागि आवश्यक तालिमको लागि बजेट छुट्याउनु पर्ने देखिन्छ ।

७. सञ्चालक तथा कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

८. संस्थाले सदस्यहरुको सुविधाको लागि सञ्चालनमा ल्याएको मोवाइल बैंकिङ तथा क्यू आर भुक्तानी सेवालाई ब्यापक रुपमा प्रवर्द्धन गर्नुपर्ने देखिन्छ ।

९. कर्जा विविधीकरणका लागि सानो आकारको ऋण लगानीमा विशेष जोड दिई ऋणी सदस्य संख्यामा समेत उल्लेख्य बृद्धि गर्नुपर्ने देखिन्छ ।

अन्तमा, यस कार्यमा संस्थाका सञ्चालक समिति तथा कर्मचारीहरुले हामीहरुलाई अन्यन्त सौहार्दपूर्ण वातावरण मिलाई सहयोग गर्नुभएकोले उहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छौं साथै यस आर्थिक वर्षको अवधिमा सम्पूर्ण सदस्य महानुभावहरुले प्रत्यक्ष अप्रत्यक्ष रुपमा दिनुभएको सल्लाह तथा सुझावलाई हृदयङ्गम गरी आगामी दिनहरुमा पनि अझ चुस्त, सकारात्मक सुझाव तथा सहयोगको अपेक्षा राख्दै सम्पूर्ण सदस्य महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद ।

एलिना थापा
संयोजक
लेखा सुपरिवेक्षण समिति

# ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड

# आ.व. २०७८/०७९ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

## १. लेखापरीक्षकको राय

हामीले यसै साथ संलग्न **ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, बानेश्वर, काठमाडौं, नेपालको ३२ आषाढ २०७९ को वासलात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु को (यसपछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं । यी वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व संस्थाको व्यवस्थापनको रहेको छ ।

मन्तब्यको आधार शिर्षक अन्तर्गत सि.न. २ र ३ मा समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकतम जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथी उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको ३२ असाढ २०७९ को वित्तीय अवस्था तथा सो मितीमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुले प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्दछ ।

राय नदिईएको आधार शिर्षक अन्तर्गत (NFRS पालना नभएकाले) समावेश भएका बिषय बस्तुले उल्लेखनीय असर पार्दछन । जसका कारण प्रयाप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त हुन सकेन । लेखापरीक्षण सम्पन्न गर्दा प्रयाप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त नभएकै कारण माथि उल्लेखित वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको ३२ असाढ २०७९ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक बर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुले प्रचलित कानुनका अधिनमा रही यथार्थ चित्रण गर्ने वा नगर्ने विषयमा हामी राय दिन नसक्ने अवस्थामा छौं ।

## २. कैफियत सहितको रायका आधार

संस्थाको लेखापरीक्षणका क्रममा भेटिएका कैफियतहरु :

२.१. सहकारी सघं, संस्था दर्ता, सञ्चालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ दफा २३ को ऋणको वर्गीकरण अनुसार संस्थाले प्रवाह गरेको कर्जालाई कर्जाको समयावधि र कर्जाको स्थिति अनुसार वर्गीकरण गरि सम्भावित कर्जा नोक्सानीको व्यवस्था गर्नु पर्ने व्यवस्था रहेको छ ।

ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आ.व. २०७८।०७९ आषाढ मसान्त सम्मको असल ऋणमा १% ऋण नोक्सानी व्यवस्था र शंकास्पद ऋणमा ३५% र खराब ऋणमा १००% ऋण नोक्सानी ऋण अवधीको भाखा नाघेको हिसाबले व्यवस्था गरेको पाईयो ।

२.२ ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले एम्बचीक अनुगमनका अधिकांश सूचक मध्य केहि सूचकको कार्यान्वयन नगरेको पाइयो ।

२.३ सहकारी सघं, संस्था दर्ता, सञ्चालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ दफा २२ बमोजिम संस्थाले आफ्नो प्रत्येक सदस्यलाई संस्थाको कुल पुँजी कोषको १० प्रतिशतमा नवढाई ऋण प्रदान गर्न सक्ने व्यवस्था गरेपनि सो व्यवस्था केहि ऋण लगानी गर्दा ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पालना गरेको पाईएन ।

२.४ सहकारी सघं, संस्था दर्ता, सञ्चालन अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड २०७७ दफा २२ बमोजिम संस्था वा संघले कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्नेछ भनेतापनि सो व्यवस्था ज्योतिपुञ्ज बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पूर्ण रुपमा पालना गरेको पाईएन ।

२.५ सहकारी एकीकृत निर्देशन २०७९ अनुसार सहकारी संघसंस्थाहरुले उत्पादनमुलक कार्यमा लगानी गर्दा व्यावसायिक योजना अनिवार्य रुपमा संलग्न राख्ने । ऋण जारी भएपछि तोकिएको उद्देश्य वा प्रयोजनमा लगानी र प्रतिफल भए नभएको विषयमा निरन्तर निगरानी अनुगमन गर्ने र उक्त प्रतिवेदन संचालक समितिमा छलफल गर्ने व्यवस्था मिलाउने भनेतापनि सो व्यवस्थाको पूर्ण रुपमा पालना भएको पाईएन ।

